# मिति २०७९/०८/२८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या १००

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश
२०७३

**बैठकका एजेन्डाहरु :**

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. जग्गा बर्गीकरण सम्बन्धमा ।
३. कार्यक्रम कार्यन्वयन समिति गठन सम्बन्धमा ।
४. IEE प्रतिवेदन सम्बन्धमा
५. नगर विकास कोषसँग कार्यक्रम माग सम्बन्धमा ।
६. समसामायिक विविध ।

**निर्णयहरु**

१. मिति २०७९/०८/१६ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यन्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यन्वयन भइ रहेको सहर्ष जानकारी गराइन्छ ।

२. भू–उपयोग क्षेत्र वर्गिकरण गर्ने प्रयोजनार्थ हरेक वडामा स्थलगत अध्ययन तथा छलफल गरी राय सुझाव संकलन गर्न संबन्धित **वडा अध्यक्षको संयोजकत्वमा ईन्जिनियर राजेश कुमार शैनी, सूचना प्रविधि अधिकृत शिवेन्द्र कुमार पासी तथा अमिन राम लखन यादव सदस्य** रहने गरि समिति गठन गर्ने तथा सो कार्यको लागि आवश्यक पर्ने बजेट आगामी नगरसभाबाट व्यवस्थापन गर्ने साथै प्राविधिक सहयोगको लागि नापी कार्यालयमा अनुरोध गर्ने ।

३. भू–उपयोग ऐन, २०७६ को दफा २० बमोजिम नगर प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको कार्यक्रम कार्यन्वयन समिति गठन गर्ने ।

**तपसिल**

| | |
|---|---|
| – नगर प्रमुख | संयोजक |
| – सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| – सम्बन्धित शाखा प्रमुखहरु (कृषि/योजना/पूर्वाधार/प्रशासन) | सदस्य |
| – रविन्द्र नाथ ठाकुर (समाजसेवी) | सदस्य |
| – गंगाराम त्रिपाठी (विज्ञ) | सदस्य |
| – | |
| – | |
| – प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

४. कपिलवस्तु नगरपालिका अन्तर्गत पर्ने बाणगंगा खोलाको विभिन्न नाकाहरुबाट नदीजन्य पदार्थ उत्खनन् तथा ओसार पसार गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय अध्ययन गरी प्रतिवेदन पेश गर्ने लुम्बिनी सामाजिक विकास केन्दसंग सम्झौता गरिएकोमा सो कम्पनीले स्थलगत अध्ययन गरी पेश गरेको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEEE Report) स्वीकृत गर्ने । **साथै स्वीकृत IEEE प्रतिवेदनमा उल्लेख भएको परिमाणको आधारमा यस आ.व.को लागि नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण गर्ने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्ने ।**

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत
२०७९।८।२८

५. नगर विकास कोषसंग ऋण व्यवस्थापनको लागि देहायका योजनाहरु माग गर्ने ।

क) क.व.न.पा. ३ स्थित रामघाट पार्क ।

ख) डंगरी पोखरी वडा नं. ५ ।

ग) वडा नं. ८ स्थित दोहनी पोखरी ।

घ) वडा नं. ६ स्थित गोवरी पोखरी ।

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश
२०७३

**६. समसामायिक विविध निर्णयहरु ।**

१. सडक बोर्ड नेपाल अन्तर्गतका आयोजनाहरुको काम सम्पन्न गर्नु पर्ने अवधी २०७९ पौष मसान्त सम्म भएकोमा स्वीकृत कार्यक्रम ढिला गरी प्राप्त भएको सोही समयमा निर्वाचनले समेत केही दिन प्रक्रिया ढिला भएको र हाल सो कार्य ठेक्का प्रक्रियामै रहेको हुँदा सम्पन्न गर्नु पर्ने मिति २०७९ चैत्र मसान्त सम्म थप गर्ने ।

२. साविक सौरहा ३ बेलभरिया स्थित हाल क.व.न.पा. को वडा नं. १२ स्थित कि.नं. ८८८ को ऐलानी जग्गामा आर्थिक विकासका लागि छाडा चौपाया व्यवस्थापन कार्यक्रम गर्न प्रदेश सरकारसंग साझेदारी गर्न लागिएको हुँदा सो कित्तामा केही व्यक्तिहरुद्धारा कब्जा गरिएको भन्ने बुझिएकोले सो अनाधिकृत कब्जालाई हटाउने ।

३. संघीय कार्यक्रम अन्तर्गत निर्माणाधीन पिपरहवा, बिठुवा, सौरहा सडक अन्तर्गतको पिपरहवा गाउँ भित्रका केही घरहरु सडकमा पर्ने देखिएको हुँदा सम्बन्धित क.व.न.पा. वडा नं. १२ वडा कार्यालयको अनुरोधमा प्रक्रिया पुरा गरि उक्त घरहरु हटाउन आवश्यक पहल गर्ने ।

४. महाराजगंज नगरपालिका र कपिलवस्तु नगरपालिकाको संयुक्त लागत साझेदारी हुने गरी आर्थिक विकासका लागि छाडा चौपाया व्यवस्थापन गर्न नवप्रवर्तन साझेदारी कोष अन्तर्गत प्रदेश सरकार मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बुटवलसंग साझेदारीको लागि अनुरोध गर्ने । साथै नवपवर्तन साझेदारी कोष कार्यक्रममा नगरसभाबाट विनियोजित समपूरक कोषको बजेटबाट प्रस्ताव स्वीकृत भए अनुसारको यस नगरपालिकाको साझेदारी बापतको १५ प्रतिशत रकम व्यहोर्ने ।

५. नवप्रवर्तन साझेदारी कोष कार्यन्वयन निर्देशिका, २०७८ को दफा १६ (ज) बमोजिम देहायका सदस्य रहने गरी नविनतम साझेदारी कोष कार्यक्रम कार्यन्वयन समिति गठन गर्ने ।

- प्रमुख प्रशासकीय अधिकृत – संयोजक
- लेखा अधिकृत – सदस्य
- पशु शाखा प्रमुख – सदस्य
- पूर्वाधार शाखा प्रमुख (सम्पर्क व्यक्ति) – सदस्य सचिव

६. नवप्रर्वतन साझेदारी कोषको साझेदारीमा सञ्चालन गरिने आर्थिक विकासका लागि छाडा चौपाया व्यवस्थापन कार्यक्रममा यस नगरपालिकाको तर्फबाट इन्जिनियर राजेश कुमार शैनीलाई सम्पर्क व्यक्ति तोक्ने ।

निर्णय प्रमाणित
२०७९।८।२२
प्रमुख प्रशासकीय अधिकृत

७. बाणगंगा सिचाइ व्यवस्थापन कार्यालयको मिति २०७९/०६/०९ च.नं. ६८ तथा हुलाकी राजमार्ग योजना कार्यालय कपिलवस्तुको २०७९/०३/०५ च.नं. ३४२ को पत्रबाट सिमाक्षेत्र भित्रका घर संरचना हटाइ सहयोग गरिदिने व्यहोराको सम्बन्धमा उक्त अनाधिकृत संरचनाहरु हटाउन आवश्यक सहयोग गर्ने ।

८. यस नगरपालिकाको कार्यालयमा प्रयोगमा रहेको जे.सि.भि. बिग्रेको कारण मरम्मत गर्दा लागेको खर्च कुल रु. ५,६९,३६२/– दुग अर्थ मोभर्स प्रा.ली. लाई भुक्तानी गर्ने तथा मरम्मत शिर्षकमा नपुग रकम आगामी नगरसभाबाट व्यवस्थापन मिलाउने ।

९. संघीय आयोजना कार्यन्वयन इकाइसंग देहायका योजनाहरु माग गर्ने ।
- सिकोटवा मालपारा सडक
- तौलिहवा वर्गदवा भावपुर सडक ।
- जमुवार नहर देखि चौविस हजार सम्म ।
- महुवा पिपरी लौसा विठुवा सडक ।
- हुलाकी डक धर्मपनिया देखि मायादेवी सिमाना सम्म सडक ।
- बेलभरिया पुल देखि पिपरहवा सडक ।
- जखिरा देखि राजकुलो तेनुवा फेदराहट नगवा गरुणगंगा सडक ।
- ५ नं. वडा कार्यालय ।
- थुमुवा नहर चौक देखि बर्मेली शसस्त्र क्याम्प जाने सडक ।
- पश्चिम मैनिहवा देखि भगवानपुर हुदै कचरिहवा सिमा सडक वडा नं. ८ ।
- जहदी चौक निगालीकोट अरौराकोट पकडी पर्सिया सडक ।

१०. स्थानीय पाठ्यक्रम निर्माण समितिलाई विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखनको लागि विज्ञ व्यक्तिहरु छनौट गर्ने अधिकार प्रदान गर्ने ।

निर्णय प्रमाणित

२०७९।८।२२

प्रमुख प्रशासकीय अधिकृत